**बैठक नं.७०**

आज मिति २०७७/०८/२९ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ११:३० बजे ।
स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | — |
| २५ | बिमला श्रेष्ठ | सदस्य | — |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | — |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं. ७०.१

नगर सभा बैठक बस्ने सम्बंन्धमा ।

निर्णय नं. ७०.१

यस बुटवल उपमहानगरपालिकाको नगर सभाको सातौ अधिबेशन मिति २०७७/०३/१६ मा सम्पन्न भएको र नगर सभा (कार्य संचालन) कार्यविधि ऐन, २०७६ को दफा ३ को उपदफा (१) मा एउटा अधिबेशनको समापन र अर्को अधिबेशनको प्रारम्भका बीचको अवधि ६ महिना भन्दा बढी हुने छैन भन्ने कानूनी व्यवस्था भएको हुदाँ मिति २०७७ पौष ९ गते दिनको २.०० बजे कार्यालय परिसरमा बस्ने गरी नगरसभाको आठौ अधिबेशन आव्हान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७०.२

संक्षिप्त बातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७७ स्वीकृत संम्बन्धमा ।

निर्णय नं. ७०.२

बुटवल उपमहानगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विषय संग संम्बन्धित योजना, कार्यक्रम तथा आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारभ्भिक वातावरणीय परीक्षण प्रतिबेदन स्वीकृति, कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यालयबाट तयार भइ सम्बन्धित समितिका संयोजकको संयोजनमा छलफल भै अन्तिम रुप दिईएको र आजको बैठकमा प्रस्तुत हुन आएको कार्यविधि,२०७७ माथि दफावार छलफल गरियो। पेश भए बमोजिमको संक्षिप्त बातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बुटवल उपमहानगरपालिकाको लागि आवश्यक समेत भएको हुदा स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ७०.३

भवन निर्माण सम्बन्धी मापदण्ड, २०७७ (हाइराइज भवन समेत) सम्बन्धमा ।

निर्णय नं. ७०.३

भवन निर्माण प्रक्रियालाई नियमन गरी दीगो शहरी वातावरण निर्माण, भुमिको सुव्यवस्थित उपयोग, भुकम्पीय क्षतिको न्युनीकरण, संरक्षित क्षेत्रको विकास र हाइराइज विल्डिङ्ग सम्बन्धी थप व्यवस्था समेत गरी योजना बद्ध पूर्वाधार विकासको लागि भवन निर्माण सम्बन्धी मापदन्ड,२०७७ मा थप घट सहित आवश्यकता अनुसारको समय सापेक्षित रुपमा तयार गरी षेश हुन आएको भवन निर्माण सम्बन्धी मापदण्ड आजको बैठकमा टेवुल गरियो।

प्रस्ताव न. ७०.४

मन्दिर स्थानान्तरण सम्बन्धमा ।

निर्णय नं. ७०.४

बुटवल उपमहानगरपालिका वार्ड नं. ९ स्थित पश्चिम कालिकापथ र उत्तर मनकामनापथको समिपमा रहेको शिवालय मन्दिर कालिकापथ नमुना सडक ८२ फिट खुला गरी निर्माण गर्ने क्रममा विस्थापित भएको हुदाँ सोही

वडा स्थित लुम्बिनि बस टर्मिनल भित्र रहेको पश्चिम दक्षिण तर्फको स्थानमा मन्दिर स्थानान्तरण गर्ने निर्णय गरियो। साथै कालिकापथमै पर्ने कालिका मन्दिर समेत सडक विस्तारको कारण प्रभावित हुने भएकोले सडक तर्फ पर्ने उक्त मन्दिरको पर्खाल लगाउन उचित प्रबन्ध मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं. ७०.५

नगर प्रोफाइल प्रकाशन सम्बन्धमा ।

निर्णय नं. ७०.५

मिति २०७७/०७/२७ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णष नं. ५९.२.२ अर्न्तगत टेबुल भएको बुटवल उपमहानगरपालिका क्षेत्रको जनसंख्या, भुगोल सहितको विस्तृत अभिलेख समेटने गरी तयार भएको नगर प्रोफाइल माथि देफावार छलफल गरियो । नगर प्रोफाइल अति आवश्यक समेत भएको हुदाँ स्वीकृत गरी प्रकाशन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ७०.६

सानिसा अर्न्तगतको ढुवानी ग्राम आयोजना सम्बन्धमा ।

निर्णय नं. ७०.६

बुटवल उपमहानगरपालिका र रुपन्देही परिवहन प्रा.लि. बीच ढुवानीग्राम आयोजना निर्माण, संचालन तथा हस्तान्तरण गर्न मिति २०७६/०९/०७ मा सम्झौता भए बमोजिम हाल सम्म २२ वटा सेडहरु निर्माण भईसकेको छ । उक्त निर्माण सम्पन्न भइसकेका सेडहरु सम्झौता बमोजिमको ड्रईङ्ग डिजाइन भन्दा केहीफरक भएको सम्बन्धमा बुटवल उपमहानगरपलिकाको सानिसा ऐन, २०७४ को दफा ५७ (२) बमोजिम छलफल भई सानिसा समितिको सिफारिस समेतको आधारमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) उल्लेखित ४९ वटा सेडहरुको सम्झौता गर्दाको बखत कायम भएको प्रति सेड जम्मा लागत रु२६३२३२०.३४ रहेकोमा हाल सम्म निर्माण भएका २२ वटा सेडहरुको प्राविधिक मूल्यांकन गर्दा (बनिसकेका २२ वटा र अब बन्न बाँकी २७ वटा) गरी जम्मा ४९ वटा संरचनाहरुको प्रति सेड कुल लागत रु २३५८८३७.६९ लाग्ने प्राबिधिक प्रतिबेदंनबाट देखिन आएको ।सम्झौता गर्दाको बखत कायम गरिएको ४९ वटा सेडको प्रत सेड लागत र अब बन्ने ४९ वटा सेडको प्रति सेड जम्मा लागतमा पर्न गएको फरक रु २७३४८२.६५ लाई सम्झौता अवधिसंग मिलान गरी नगरलाई प्रा. लि. ले फिर्ता गर्ने सम्झौताको अवधि १५ बर्ष बाट घटाइ १३ बर्ष ६ महिना कायम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७०.७

गाडी मर्मत सम्बन्धमा ।

निर्णय नं. ७०.७

बुटवल उपमहानगरपालिका नगरकार्यपालिका कार्यालयको नाममा रहेको बा २ झ ४१६९ नं. को गाडी मिति २०७७/०४/०५ गतेका दिन वार्ड नं. २ स्थित उजिरसिंह नगरको कजवेमा पानीको वहावमा परि दुर्घटनाग्रस्त भएको । कार्यालयमा कामको सिलसिलामा गाडी आवश्यक समेत भएको तरदुर्घटनाग्रस्त गाडी वाई व्याक मेथड

मोजिमको प्रक्रियामा जानको लागि सेतो प्लेट भएका कारण सम्बन्धित कम्पनीले स्वीकार नगरेको हुदाँ उक्त ाडी नियमअनुसार तत्काल चालु भैपरी शीर्षकमा विनियोजित रकम बाट मर्मत गर्ने निर्णय गरियो ।

ास्ताव नं. ७०.८
नुम्बिनी बस टर्मिनल भवनको उपयोग सम्बन्धमा ।
नेर्णय नं. ७०.८
बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको लुम्बिनी बस टर्मिनलको टर्मिनल विल्डिङ्ग र सो भन्दा दक्षिण तर्फको दुई कठ्ठा खाली जग्गा समेत राजश्व अनुसन्धान कार्यलय बुटवलले कार्यालय व्यवस्थापनका लागि माग गरेको सम्बन्धमा हाल उक्त भवन सरकारी निकायले प्रयोग गर्दा संरक्षण र रेखदेख हुने र वहाल रकमबाट उपमहानगरपालिकाको राजश्वमा समेत सानोयोगदान पुग्ने भएकोले राजश्व परमर्श समितिको सिफारिस समेतको आधारमा हाललाई मासिक रु १ लाख वहाल रकम लिने गरी २०७८ असार मसान्त सम्म राजश्व अनुसन्धान कार्यालयलाई प्रयोग गर्न दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७०.९
लुम्बिनी बस टर्मिनल सटरहरुको वक्यौता भुक्तानी सम्बन्धमा ।
निर्णय नं. ७०.९
बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेका सटरहरुलाई लकडाउन अवधिमा सहुलियत दिनेगरी भएको पूर्व निर्णय र सो सम्बन्धमा लुम्बिनी बस टर्मिनलको सपिङ्ग कम्प्लेक्स सहितका सटर व्यवसायीहरुले माग गरे बमोजिम २०७७/०८/१५ गतेको राजश्व परामर्श समितिको बैठकले गरेको सिफारिसको आधारमा कार्यालयले गरेको देहाय अनुसारको निर्णय समर्थन गर्ने निर्णय गरियो ।
क) लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सका व्यवसायीहरुलाई लकडाउन पूर्व र २०७७ असोज १ गते देखि मार्ग मसान्त सम्मको वहाल रकम २०७७ मार्ग मसान्त भित्र एकमुस्ठ तिर्नेको लागि जरिवाना छुट गर्ने साथै २०७७ मार्ग मसान्त सम्म वक्यौता (लकडाउनको चार महिना बाहेक ) रकम दाखिला गरेमा पूर्व निर्णय बमोजिम दुई महिनाको छुट सुविधा उपलब्ध गराउने साथै लकडाउन अवधि र यस प्रभावलाई मध्यनजर गरी लकडाउन अवधि (२०७६ चैत्र देखि २०७७ भाद्रसम्म ) मध्ये चार महिना वा त्यस पछिको बढीमा चार महिना बराबरको बुझाउन बाँकी रकम किस्ता/किस्ता गरी बुझाउने म्याद २०७८आषाढ मसान्त सम्म कायम गर्ने र सो रकममा जरिवाना छुट गर्ने ।
ख) लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सका सटर बाहेक अन्य सटरहरुको हालसम्मको वक्यौता रकम २०७७ मार्ग मसान्त सम्म भुक्तानी गरेमा पनि पूर्व निर्णय बमोजिम पाउने दुई महिना बराबरको वहाल रकम छूट दिने ।

बिबिध प्रस्ताव ७०.१०

प्रस्ताव नं. ७०.१०.१

कार्यालय भवन निर्माण सम्पन्न गर्न रकम माग गर्ने सम्बन्धमा ।

निर्णय नं. ७०.१०.१

बुटवल उपमहानगरपालिकाको आब २०७४/७५ मा प्रारम्भ भै निर्माणाधीन अवस्थामा रहेको मुख्य प्रशासनिक कार्यालय भवन चालु आवमा सम्पन्न गर्ने लक्ष्य सहित काम भैरहेको थियो । गत आब देखि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणको कारण लामो समय सम्म गरिएको बन्दाबन्दि तथा संक्रमण जोखिमले गर्दा उत्पन्न असहज परिस्थितिले आर्थिक क्रियाकलापमा पर्न गएको नकारात्मक प्रभावले गर्दा गत आब तथा चालु आवमा समेत आन्तरिक आय संकलन लक्ष्यको तुलनामा निकै कम भएको छ भने बजेट व्यवस्था नै नगरिएको कोभिड महामारी नियन्त्रणका लागि ठुलो खर्च गर्न परेकोले बजेट व्यवस्थापनमा उच्च चाप परेको छ ।भूकम्प पश्चात बस्न अयोग्य भनि रातो चिन्ह लगाएको भवनवाट विवशताका साथ हालसम्म सेवा प्रवाह गरिदै आएको अवस्थामा चालु आब भित्रै नया भवन सम्पन्न गर्ने लक्ष्यका साथ काम भएकोमा आन्तरिक आयमा परेको नकारात्मक प्रभावको कारण असम्भवप्राय भएको छ । यस गम्भीर अवस्थालाई मनन गरी संघीय सरकार, अर्थ मन्त्रालयलाई उक्त भवनको निर्माण कार्य सम्पन्न गर्न पूजीगत शीर्षकमा रु बाह्र करोड (१२,००,००,०००/-) रकम निकासाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७०.१०.२

भुमि सम्बन्धी समस्या समाधान आयोग संग भएको सम्झौता अनुमोदन सम्बन्धमा ।

निर्णय नं. ७०.१०.२

भुमि सम्बन्धी समस्या समाधान आयोग र बुटवल उपमहानगरपालिका बीच मिति २०७७/०८/२८ गते भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।साथै उक्त सम्झौता बमोजिम भुमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश बमोजिम भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन र प्रमाणीकरणका लागि आयोगबाट निर्दिष्ट बमोजिमको कामको व्यवस्थापन गरी बुटवल उपमहानगरपालिकामा सिफारिस समेत गर्ने गरी आवश्यक प्रक्रिया अघि बढाउन बुटवल उपमहानगरपालिकाले यस अघि नै गठन गरेको अव्यवस्थित बसोवास तथा सार्वजनिक जग्गा संरक्षण कार्यदललाई नै थप जिम्मेवारी तोकी नियमानुसार आवश्यक कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ७०.१०.३

श्रम बैंक तथा रोजगार सूचना केन्द्र सम्बन्धी कार्यविधि निर्माण सम्बन्धमा ।

निर्णय नं. ७०.१०.३

श्रम बैंक तथा रोजगार सूचना केन्द्र सम्बन्धी कार्यविधि निर्माण गर्न ३५ दिनको समयावधि दिई देहाय बमोजिम कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| उपप्रमुख श्री गुमादेवी आचार्य | संयोजक |
| श्री खिम बहादुर हमाल, अध्यक्ष, उद्योग वाणिज्य संघ,बुटवल | सदस्य |
| श्री यमलाल लोहनी, अध्यक्ष- रुपन्देही व्यापार संघ | सदस्य |
| श्री बाबुराम बोहरा, अध्यक्ष-रुपन्देही उद्योग संघ | सदस्य |
| श्री प्रविण पाठक, अध्यक्ष-उद्योग व्यापार संगठन | सदस्य |
| श्री हरि कार्की ,नेपाल ट्रेड युनियन महासंघ | सदस्य |
| श्री जीवन अधिकारी , अटो मेकानिक्स ट्रेड यूनियन | सदस्य |
| श्री रन्जु भट्टराई, महिला | सदस्य |
| श्री कृष्ण बेल्वासे, ट्रेड यूनियन कांग्रेस | सदस्य |
| श्री भुवा प्रसाद लुइँटेल | सदस्य-सचिव |

प्रस्ताव नं. ७०.१०.४

आ.व.०७७/०७८ को आय व्यय विवरण जानकारी सम्बन्धमा ।

निर्णय नं. ७०.१०.४

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिका कार्यालयको चालु आर्थिक वर्ष २०७७।०७८ को प्रथम चौमाशिक सम्म भएको देहाय बमोजिमको आम्दानी तथा खर्च विवरण आजको बैठकमा जानकारी भयो ।

| २०७७/०७८ को प्रथम चौमाशिक सम्मको आय व्यय विवरण | |
|---|---|
| आय तर्फ | |
| शीर्षक | रकम रु |
| **संघीय सरकार** | |
| १३३११ समानिकरण अनुदान | ७५,२००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १३३,२४२,९८०.०० |
| १३३१४ विशेष अनुदान चालु | - |
| १३३१८ अन्य अनुदान चालु | - |
| **प्रदेश सरकार** | |
| १३३११ समानिकरण अनुदान | ३,७४३,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १९,६६२,०००.०० |
| १३३१४ विशेष अनुदान चालु | ३,५००,०००.०० |
| १३३१६ समपुरक अनुदान चालु | ७,४९४,०००.०० |
| **राजस्व बाँडफाँट** | |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १२,१३९,४४९.०० |
| ११४११ बाँडफाँट भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ३१,७०७,९९७.०७ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | - |

| | |
|---|---|
| ११४७२ बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | – |
| १४१५३ बाँडफाँट भई प्राप्त वन रोयल्टी | – |
| १४१५६ बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | – |
| अन्तरिक श्रोत | १४७,८३०,१५८.५९ |
| ३२१२२ बैंक मौज्दात | ४१५,०९६,८६४.२७ |
| ३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति | – |
| जम्मा | ८४९,६१६,४४८.९३ |
| खर्च तर्फ | |
| शीर्षक | रकम रु |
| चालु जम्मा | २०१,११४,३२९.७० |
| पूजीगत जम्मा | १६१,९५८,०९६.०० |
| जम्मा | ३६३,०७२,४२५.७० |

प्रस्ताव नं. ७०.१०.५

सडक सौन्दर्यकरण सम्बन्धमा ।

निर्णय नं. ७०.१०.५

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र पर्ने पूर्व-पश्चिम लोकमार्ग तथा उत्तर-दक्षिण सिद्धार्थ राजमार्गको सडक डिभाईडर मध्ये जोगीकुटी देखि पुष्पलाल पार्क सम्म सिद्धार्थ गौतम बुद्धको मुर्ति, पुष्पलाल पार्क देखि गोलपार्कसम्म रामापिथेकसको मुर्ति, पुष्पलालपार्क देखि नेपालगन्ज रोडतर्फ तिनाउ पुलसम्म उजिरसिंहको मुर्ति र गोलपार्क देखि माथि सिद्धवावा सम्मको क्षेत्रमा शिवको मुर्ति राख्ने र सबै मुर्ति ४ फिट बेस र ४ फिट उचाई हुने गरी राखी यस क्षेत्रको ऐतिहासिकता, सम्पदा र संस्कृतिको प्रबर्धन सहित सडकलाई सौन्दर्यकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ७०.१०.६

बुटवल उपमहानगरपालिका वडा नं.१३ निवासी कार्यपालिकाकी सदस्य श्री विष्णुकुमारी शर्मा अस्वस्थ्य भई हाल काठमाडौ स्थित ग्राण्डी अस्पतालमा उपचाररत रहनु भएको हुँदा यो वैठक निजको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।